# शुभ कालीका गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय कालीकोट
# कर्णाली प्रदेश

## *अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७९

**प्रमाणिकरण तथा प्रकाशन मिति: २०७९।०७।२८**

अनुगमन भन्नाले नीति, योजना तथा कार्यक्रमहरूमा लगानी तथा श्रोत साधनको उचित ढंगले प्रवाह भए, नभएको वा अपेक्षित नतिजा हासिल भए-नभएको सम्बन्धमा कार्यान्वयन गर्ने निकाय वा कानून बमोजिम अख्तियार प्राप्त निकायले तोकेको व्यक्ति वा संस्थाबाट निरन्तर रुपमा गरिने निगरानी, सूचना संकलन, विश्लेषण तथा सुधारात्मक कार्यलाई बुझिन्छ।
यस दस्तावेजले स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित, सरल, नतिजामूलक, विश्वसनीय र प्रभावकारी बनाई स्थानीय तहमा निर्णय प्रक्रियालाई तथ्यपरक (Evidence based) बनाउनुका साथै पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी सुशासन प्रर्वद्धन गर्न सहयोग गर्ने मूल उद्देश्य लिएको छ। यस शुभ कालीका गाउँपालिकाबाट हुने सम्पूर्ण स्थानीय पूर्वाधार विकासको सुपरिवेक्षण, अनुगमन, तथा मूल्याङ्कन सम्बन्धी कार्यहरू यस दस्तावेजमा आधारित भएर गरिनेछ।

**प्रस्तावना:**
गाउँपालिकाबाट संचालन हुने विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को परच्छेद १५ दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरी दफा १६ उपदफा ४ खण्ड (ख) मा भएको व्यवस्था बमोजिम गरिने अनुगमन तथा सुपरिवेक्षण कार्यलाई व्यवस्थित र प्रभावकारी तुल्याउन वाञ्छनीय भएकाले यस गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न ऐनले दिएको अधिकार प्रयोग गरि कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **"अनुगमन तथा सुपरिवेक्षण कार्यविधि २०७९"** रहेको छ।
(२) यो "कार्यविधि" कार्यपालिकाको बैठकवाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

ख) " अनुगमन " भन्नाले नीति, योजना, कार्यक्रम तथा आयोजनाहरुमा लगानी तथा साधनको प्रवाह उचित ढंगले भए, नभएको वा अपेक्षित नतिजा हासिल भए, नभएको सम्बन्धमा यस कार्यविधि बमोजिम गरिने निरन्तर वा आवधिक निगरानी, सुचना संकलन, विश्लेषण तथा सुधारात्मक कार्य सम्झनु पर्छ।

*पहिलो संशोधन द्वारा संशोधित २०८१

ग) "कार्यक्रम" भन्नाले गाउँपालिकाबाट संचालन हुने कार्यक्रम सम्झनु पर्छ र सो शब्दले गैर-सरकारी संस्था, सामुदायिक संस्था, एवम् निजी क्षेत्रबाट संचालित कार्यक्रम समेतलाई जनाउँछ।

घ) "कार्यपालिका" भन्नाले शुभ कालीका गाउँकार्यपालिका सम्झनु पर्छ।

ङ) "नागरिक समाज" भन्नाले गाउँपालिका क्षेत्र भित्र नागरिक समाजको रुपमा दर्ता भएका वा नभएका नागरिक अधिकारका लागि कृयाशिल संस्था वा व्यक्ति सम्झनु पर्छ।

च) "प्रतिवेदन" भन्नाले समितिबाट पेश गरिने अनुगमन तथा सुपरिवेक्षण कार्यको नतिजा समावेश गरिएको दस्तावेज सम्झनु पर्छ।

छ) "योजना"भन्नाले गाउँपालिकाबाट संचालन हुने विकास निर्माण कार्य सम्झनु पर्छ र सो शब्दले गैर सरकारी संस्था एवम् सामुदायिक संस्थाबाट संचालित विकास निर्माण कार्य समेतलाई जनाउँछ।

ज) "समिति"भन्नाले यस कार्यविधि बमोजिम गठित अनुगमन तथा सुपरिवेक्षण समिति सम्झनु पर्छ।

झ) "सुपरिवेक्षण" भन्नाले अपेक्षित नतिजा हासिल गर्न यस कार्यविधि बमोजिम समिति वा सो कामको लागि तोकिएको जिम्मेवार कर्मचारी वा पदाधिकारीबाट गरिने स्थलगत निरीक्षण वा चेक जाँच वा रेखदेख सम्बन्धी कार्य सम्झनु पर्छ।

ञ) "संयोजक" भन्नाले समितिको संयोजक सम्झनु पर्छ।

## परिच्छेद २

## समितिको गठन तथा काम, कर्तब्य र अधिकार

**३. अनुगमन तथा सुपरिवेक्षण समिति :**

*(१). आयोजना तथा कार्यक्रमको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरि पृष्ठपोषण दिनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ उपदफा ४ को ख (५) आयोजना तथा कार्यक्रमको अनुगमन उपाध्यक्ष/उप-प्रमुखबाट गर्ने व्यवस्था र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद ४ को दफा ४.१० (ग) अनुसार देहाय बमोजिमको अनुगमन तथा सुपरिवेक्षण समिति रहनेछ :

क) गाउँपालिका उपाध्यक्ष : संयोजक

ख) अध्यक्षले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरु मध्येबाट दुई जना : सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत : सदस्य

घ) प्रमुख, योजना शाखा : सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यक्ता अनुसार नागरिक समाजका प्रतिनिधि, संचारकर्मी र सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिले आफ्नो कामलाई छिटोछरितो र प्रभावकारी बनाउन कार्यपालिकाबाट समितिमा प्रतिनिधित्व गर्ने सदस्य मध्येबाट विषयगत रुपमा अनुगमन टोली गठन गरि जिम्मेवारी तोक्न सकिनेछ।

(४) यस दफा बमोजिम स्थलगत अनुगमन गर्दा सम्बन्धित आयोजना तथा कार्यक्रम कार्यान्वयन वा सुपरिवेक्षणमा संलग्न कर्मचारीलाई सहभागी गराउनु पर्नेछ।

***४. समितिको काम कर्तव्य र अधिकार :**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

*पहिलो संशोधन द्वारा संशोधित २०८१

(क) गाउँपालिकाबाट संचालित आयोजना तथा कार्यक्रम अनुगमनका लागि वार्षिक कार्यतालिका तयार गरि कार्यपालिकालाई जानकारी दिने,

(ख) कार्य तालिका अनुसार नियमित र आवश्यक्ता अनुसार आकस्मिक अनुगमन तथा निरीक्षण गर्ने,

(ग) अनुगमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउन आवश्यक्ता अनुसार समितिका क्रियाकलापहरुमा विज्ञहरुलाई संलग्न गराउने,

(घ) अनुगमन सम्पन्न भए पश्चात कार्यपालिकाको बैठकमा अनुगमन प्रतिवेदन पेश गरी छलफल गर्ने,

(ङ) अनुगमनको क्रममा देखिएका सुधार गर्नु पर्ने विषयमा सम्बन्धित प्राविधिक तथा सम्बद्ध उपभोक्ता समिति, परामर्शदाता एवम् निर्माण व्यवसायीलाई निर्देशन दिने,

(च) आयोजना तथा कार्यक्रम कार्यान्वयनको सन्दर्भमा देखा परेका विवाद वा समस्याहरुको समाधानका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

(छ) आयोजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षणको क्रममा कुनै अनियमितता वा तोकिएको गुणस्तर र परिमाण नभएको व्यहोरा यकिन हुन आएमा आवश्यक कारबाहीको लागि राय सहित कार्यपालिकामा पेश गर्ने,

(ज) अनुगमन कार्यको वार्षिक प्रतिवेदन तयार गरि आर्थिक वर्षको अन्तिममा कार्यपालिकामा पेश गर्ने,

(झ) समितिको वार्षिक प्रतिवेदन प्रत्येक वर्षको श्रावण महिनाभित्र कार्यालयको वेवसाइट र अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।

***५. अनुगमन समितिको बैठक सम्बन्धी व्यवस्था**

अनुगमन समितिको बैठक महिनामा एक पटक अनिवार्य रूपमा बस्नु पर्नेछ । समितिको पहिलो बैठकले आफ्नो बैठक संचालन सम्बन्धी विधि तयार गर्नेछ ।

***६. अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी व्यवस्था**

(१) आयोजना र कार्यक्रममा तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन ब्यक्ति, उपभोक्ता समिति र निर्माण व्यवसायीले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजना, परियोजना तथा कार्यक्रमको गुणस्तर, परिमाण सुनिश्चित गर्न गाउँपालिकाले निम्न प्रकारका कार्यक्रम वा आयोजनाहरुको अनुगमन गर्ने व्यवस्था गर्नु पर्नेछ :-

(क) गाउँपालिका स्तरका स्थानीय पूर्वाधार विकास आयोजनाहरु

(ख) चेतनामूलक, क्षमता अभिवृद्धि र सीप विकास सम्बन्धी कार्यक्रमहरु

(ग) स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने आयोजना तथा कार्यक्रमहरु

(२) उपदफा (१) बमोजिम गरिएको वर्गीकरण एवम् आयोजना तथा कार्यक्रममा गरिने लगानी समेतका आधारमा समितिले अनुगमनको आवश्यकता निर्धारण गर्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिमका कार्यक्रम तथा आयोजनाहरुको अनुगमन तथा सुपरिवेक्षणको लागि अनुसुची १, २, ३, ४ र ५ बमोजिमको ढाँचा र विधिको प्रयोग गर्नुपर्नेछ ।

**७. अनुगमनको कार्यक्षेत्र** : अनुगमन तथा सुपरिवेक्षण समितिले यस कार्यविधि बमोजिम आयोजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा देहाय बमोजिम गर्ने:

(क) कार्य तालिका अनुसार काम भए नभएको यकिन गर्ने,

(ख) तोकिएको कामको परिमाण, लागत र गुणस्तर कायम गराउने,

(ग) आयोजना वा कार्यक्रमको डिजाइन वा कार्यान्वयनको क्रममा भएका त्रुटी वा कमजोरी देखिएमा तत्काल सुधारका लागि सम्बन्धित शाखा वा अधिकारीलाई सिफारिश गर्ने,

*४ को १ हटाइको *५ संशोधित घटाइएको *६.१ संशोधित बाट हटेको *६.३ थपिएको

(घ) अनुगमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी, पारदर्शी, तथ्यपरक र सहभागीतामूलक बनाई नागरिकलाई गाउँपालिकाले गर्ने विकास निर्माण कार्यप्रति सकारात्मक भावनाको विकास गराउने,

ङ) कार्यक्रम तथा आयोजना स्थलगत अनुगमन गर्ने क्रममा सम्बन्धित वडाको प्रतिनिधित्व सुनिश्चित गर्ने ।

**८. अनुगमन विधि :**

(१) समितिले अनुगमन तथा सुपरिवेक्षण गर्दा देहायका मध्ये आवश्यकता अनुसार उपयुक्त विधिको प्रयोग गर्नु पर्नेछ र विधिको छनौट समितिको बैठकले निर्धारण गरे बमोजिम हुनेछ ।

(क) कार्यान्वयनमा संलग्न व्यक्ति समूह वा निकायबाट नियमित प्रतिवेदन लिने

(ख) स्थलगत अवलोकन गर्ने

(ग) लाभान्वित वर्ग तथा सरोकारवालाहरुसँग छलफल गर्ने

(घ) नागरिक समाजका संस्था तथा आम संचारका माध्यम परिचालन गर्ने

(ङ) सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई आयोजना गर्ने

(च) आयोजनाको प्राविधिक परीक्षण गर्ने

(छ) सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा समितिले उपयुक्त ठहर गरेका अन्य विधिहरु ।

(३) उपदफा (२) मा उल्लेखित विधिका अतिरिक्त अन्य तरिकाबाट कुनै आयोजना वा कार्यक्रमको सम्बन्धमा पृष्ठपोषण, प्रतिकृया वा सुझाव प्राप्त भएको अवस्थामा समितिले त्यस्तो विषयको अभिलेख राखी तथ्यगत विश्लेषणको आधारमा आवश्यक कारबाही अघि बढाउन सक्नेछ ।

**९. वडास्तरीय अनुगमन समिति:**

(१) वडामार्फत सञ्चालन भएका योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनका लागि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद ४ को दफा १.१० (ग) मा देहाय बमोजिमको वडास्तरीय अनुगमन समिति रहनेछ :

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडाध्यक्ष | संयोजक |
| (ख) वडा समितिका सदस्यहरु | सदस्य |
| (ग) वडा सचिव | सदस्य सचिव |

(२) वडास्तरीय अनुगमन समितिले आवश्यक्ता अनुसार सम्बन्धित आयोजना हेर्ने प्राविधिक कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपभोक्ता समिति वा सरोकारवालामार्फत आयोजना अनुगमन तथा सुपरिवेक्षणका लागि लिखित वा मौखिक अनुरोध भई आएमा अनुगमन गर्नुपर्नेछ ।

(३) वडास्तरीय अनुगमन समितिले अनुगमनको क्रममा देखिएका विषयका सम्बन्धमा समितिलाई नियमित रुपमा जानकारी, सुधारका लागि सुझाव दिनु पर्नेछ ।

(४) आयोजनाको गुणस्तर र परिमाण सन्तोषजनक भएको खण्डमा मात्र भुक्तानीका लागि सिफारिश गर्नु पर्नेछ ।

**१०. उपभोक्ता समितिबाट अनुगमन गर्ने :**

(१) आयोजनामा तोकिएको गुणस्तर तथा परिमाण कायम गरी निर्धारित समयमा सम्पन्न गर्न उपभोक्ताहरुको भेलाबाट कम्तीमा एक जना महिला सहित बढीमा पाँच सदस्यीय अनुगमन समिति गठन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका अनुगमन समिति उपभोक्ता समिति गठन गर्दाको समयमा गर्नुपर्नेछ ।

(३) यस दफा बमोजिम गठित अनुगमन समितिको काम , कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आयोजनाको कार्यान्वयनमा देखिएका वाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्ने ।

(ख) आयोजना कार्यान्वयनमा तोकिएको परिमाण, गुणस्तर र कार्यतालिका अनुसार भए नभएको यकिन गर्ने र नभएको अवस्थामा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ग) समिति र वडास्तरीय अनुगमन समितिबाट गरिने अनुगमन तथा सुपरीवेक्षणमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(घ) आयोजनाको सफल कार्यान्वयनका लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

(४) उपभोक्ता समितिले आयोजनाको अन्तिम भुक्तानी माग गर्दा यस दफा बमोजिमको अनुगमन समितिको प्रतिवेदन संलग्न गर्नुपर्नेछ ।

**११. अनुगमन तालिका तयार गर्नुपर्ने :**

(१) समितिले आयोजना कार्यान्वयन तालिका अनुरुप हुने गरी वार्षिक अनुगमन तालिका तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार भएको तालिकालाई समितिबाट निर्णय गराई कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको तालिका उपर आवश्यक छलफल गरी कार्यपालिकाले आवश्यक पृष्ठपोषण दिन सक्नेछ ।

(४) यस दफा बमोजिम तयार भएको अनुगमन तालिका अनुसूची ६ बमोजिम तयार गरी सार्वजनिकिकरण गर्नुपर्नेछ ।

**१२. अनुगमन कार्यको लागि श्रोतको प्रबन्ध :** (१) अनुगमन कार्यतालिका बमोजिम समितिको कार्य जिम्मेवारी पुरा गर्न आवश्यक पर्ने श्रोत साधनको प्रबन्ध वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा समावेश गर्नुपर्नेछ ।

(२) स्वीकृत वार्षिक बजेटका आधारमा कार्यतालिका बमोजिम अनुगमन तथा सुपरिवेक्षणको लागि आवश्यक श्रोत साधनको व्यवस्थापन गर्ने जिम्मेवारी प्रमूख प्रशासकीय अधिकृतको हुनेछ ।

(३) अनुगमन तथा सुपरिवेक्षण कार्यमा संलग्न रहने समितिका पदाधिकारीको भत्ता तथा अन्य सुविधा सम्बन्धी व्यवस्था प्रचलित प्रदेश कानूनको अधीनमा रही कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ३
## पूर्वाधार विकास योजनाको अनुगमन

**१३. पूर्वाधार विकास योजनाको अनुगमन** : (१) समितिले पूर्वाधार विकास सम्बन्धी आयोजनाको प्रकृति र आकार हेरी सम्भव भएसम्म निर्माण कार्य प्रारम्भ हुनु पूर्व, निर्माणाधीन अवस्था र निर्माण सम्पन्न भएपछि गरी तीन चरणमा अनुगमन गर्नु पर्नेछ :

(२) उपदफा (१) बमोजिम निर्माण कार्य प्रारम्भ हुनु अघि गरिने अनुगमन देहायका विषयमा केन्द्रित रही अनुसूची १ को ढाँचामा गर्नु पर्नेछ :

(क) योजनाको स्वीकृत लागत र लागत व्यहोर्ने श्रोत,

(ख) योजना कार्यान्वयन गरिने स्थान,

(ग) लाभग्राही समुदायका सरोकारका विषयहरु,

(घ) निर्माण गरिने संरचनाको किसिम, आकार वा परिमाण, डिजाइन, गुणस्तर

(ङ) आवश्यक पर्ने निर्माण सामग्री तथा जनशक्तिको आपूर्ति श्रोत र सोको गुणस्तर,

(च) स्वीकृत लागत अनुमान तथा डिजाइनमा आउन सक्ने संभावित परिवर्तन तथा जोखिम ।

(३) समितिले पूर्वाधार योजनाको निर्माणधिन अवस्थामा देहायका विषयमा केन्द्रित रही अनुसुची २ को ढाँचामा अनुगमन गर्नुपर्नेछ :

(क) योजना कार्यान्वयन तोकिएको गुणस्तर, लागत र समय अनुरुप भए नभएको,

(ख) योजना कार्यान्वयनमा देखिएका बाधा अवरोध,

(ग) सम्झौताका शर्तको पालना,

(घ) समितिले आवश्यक देखेका अन्य विषयहरु ।

(४) उपदफा (३) बमोजिमको अनुगमन गर्दा त्यस्तो योजना वा कार्यक्रम कम्तीमा पचास प्रतिशत भन्दा बढी निर्माणकार्य सम्पन्न भइसकेको हुनु पर्नेछ ।

(५) योजनाको निर्माण कार्य सम्पन्न भएपछि गरिने अन्तिम अनुगमन देहायका विषयहरुमा केन्द्रित रही अनुसूची ३ को ढाँचामा गर्नुपर्नेछ :

(क) योजना स्वीकृत डिजाइन अनुसार सम्पन्न भए नभएको,

(ख) स्वीकृत लागत अनुमान अनुसार काम सम्पन्न भए नभएको,

(ग) निर्माण कार्यको गुणस्तर र समय,

(घ) डिजाइन वा लागतमा परिर्वतन भएको भए सोको औचित्य र स्वीकृतिको अवस्था,

(ङ) योजनाबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्था भए नभएको,

(च) योजनामा तोकिए बमोजिमको लागत सहभागिता र सम्झौताका शर्तको पालना भए नभएको,

(छ) योजनाको समग्र उपलब्धीको अवस्था र दिगोपना

**१४. चेतनामूलक, क्षमता अभिवृद्धि र सीप विकास कार्यक्रमको अनुगमन :** समितिले चेतनामूलक, क्षमता अभिबृद्धि र सीप विकास सम्बन्धी कार्यक्रमको प्रगति अनुगमन गर्दा कार्यक्रमको लागत, सहभागिता, समयावधि, सिकाइका विषयवस्तु र लाभग्राहीको पृष्ठपोषण जस्ता विषय समावेश गरी अनुसूची ४ बमोजिमको ढाँचामा अनुगमन गर्नु पर्नेछ ।

**१५. स्वरोजगार तथा उत्पादनमुलक र उद्यमशीलता प्रवर्द्धन गर्ने योजना र कार्यक्रमको अनुगमन :**
समितिले स्वरोजगार तथा उत्पादनमुलक र उद्यमशीलता प्रवद्धन गर्ने योजना र कार्यक्रमका अनुगमन गर्दा लाभग्राही समूदायले गाउँपालिकाबाट प्राप्त ऋण वा अनुदानको मात्रा, प्रदान गरिएका यन्त्र औजार र उपकरण, प्राविधिक सहायताको प्रकृति, प्राप्त सहायताको उपयोगको अवस्था, लाभग्राहीको संख्या, सहभागीलाई उपलब्ध गराइएको सहयोगको पर्याप्तता जस्ता विषयमा केन्द्रित रही अनुसूची ५ बमोजिमको ढाँचामा अनुगमन गर्नु पर्नेछ ।

**१६. अनुगमनको तयारी** : (१) समितिको सदस्य सचिवले स्थलगत अनुगमनमा जानुअघि समितिका संयोजक तथा सदस्यहरुलाई अनुगमन गरिने योजना तथा कार्यक्रम, जाने समय र फर्किने सयम, भ्रमणको सवारी साधन लगायतका विषयमा जानकारी दिनु पर्नेछ ।

(२) स्थलगत अनुगमन गर्दा समितिले योजना तथा कार्यक्रमसँग सम्बन्धित लागत अनुमान, सम्झौता जस्ता कागजातहरु तथा अनुगमन स्थलको जानकारी लिने तस्वीर खिच्नको लागि क्यामरा लगायतका साधनको समेत सुनिश्चित गर्नु पर्नेछ ।

(३) सदस्य सचिवले अनुगमनको क्रममा योजना तथा कार्यक्रम कार्यान्वयनमा संलग्न उपभोक्ता समिति वा निर्माण व्यवसायी, लाभग्राही समूह र सुपरिवेक्षणको लागि जिम्मेवारी तोकिएको कर्मचारीलाई अनुगमन स्थलमा उपस्थितिको लागि पूर्व सूचना गर्नु पर्नेछ ।

(४) समितिले स्थलगत अनुगमन गर्दा अध्यक्षलाई समेत अग्रिम जानकारी दिनु पर्नेछ ।

(५) समितिले स्थलगत अनुगमनको क्रममा गाउँपालिका वा वडाको निर्वाचनमा निकटतम प्रतिद्वन्दी रहेका उम्मेद्वार वा दलसँग आवद्ध व्यक्ति वा पदाधिकारीलाई समेत संलग्न गराई पृष्ठपोषण प्राप्त गर्न सकिनेछ ।

## परिच्छेद ४
## प्रतिवेदन सम्बन्धी व्यवस्था

**१७. अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने :** (१) अनुगमन सम्पन्न भएपश्चात् समितिको बैठक बसी छलफल गर्ने र सो छलफल तथा स्थलगत अनुगमनबाट सङ्कलन गरिएका सूचना तथा विवरण समेतका आधारमा प्रतिवेदन तयार गरी अनुगमन सम्पन्न भएको मितिले सात दिनभित्र कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अनुगमनको क्रममा सम्बन्धित योजना वा कार्यक्रमको अवस्था झल्किने गरी लिइएका तस्वीर समेत संलग्न गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अनुगमन प्रतिवेदन सदस्य सचिवले तयार गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम तयार भएको प्रतिवेदन समितिका संयोजकमार्फत् छलफलको निमित्त कार्यपालिका बैठकमा प्रस्तुत गरिनेछ ।

(५) अनुगमन प्रतिवेदन वेगर समितिका पदाधिकारीहरुलाई कुनै किसिमको भत्ता वा सुविधा उपलब्ध गराइने छैन ।

**१८. अनुगमन प्रतिवेदनमा समावेश गर्नुपर्ने विषयः** समितिले दफा १७ बमोजिम तयार गरिने अनुगमन प्रतिवेदनमा देहायका विषयहरु समावेश गर्नु पर्नेछ :

(क) श्रोत साधनको प्राप्ति र प्रयोगका क्रममा स्वीकृत बजेट र समय तालिका अनुसार भए नभएको,

(ख) अपेक्षित प्रतिफलहरु समयमै र लागत प्रभावकारी रुपमा हासिल भए नभएको,

(ग) कार्यान्वयनकर्ताको कार्यदक्षता र तत्परता के कस्तो छ,

(घ) कार्यान्वयनमा के कस्ता समस्या र बाधा व्यवधानहरु देखिएका छन् र तिनको समाधानका निमित्त के कस्ता उपायहरु अवलम्बन गर्नु पर्छ ।

**१९. प्रतिवेदन उपरको कारवाही :** (१) समितिको ले दफा १७ बमोजिम पेश गरेको प्रतिवेदन उपर कार्यपालिकाको वैठकमा कम्तीमा दुई महिनामा एक पटक छलफल गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) समितिको प्रतिवेदनको आधारमा कार्यपालिकाले योजना कार्यान्वयनमा देखिएका त्रुटीहरु सच्याउन तथा समय र गुणस्तर कायम गर्न उपभोक्ता समिति, निर्माण व्यवसायी, परामर्शदाता तथा कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यपालिकाबाट दिइएका निर्देशन पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ ।

१९. भुक्तानी गर्दा ध्यान दिनु पर्ने : (१) कार्यालयले योजना वा कार्यक्रमको अन्तिम किस्ता भुक्तानी गर्दा समिति वा वडास्तरिय अनुगमन समिति र उपभोक्ता समिति अर्न्तगतको अनुगमन समितिले पेश गरेको अनुगमन प्रतिवेदन संलग्न गर्नुपर्नेछ ।

(२) योजना वा कार्यक्रमको अन्तिम किस्ता भुक्तानी दिनु अघि अनुगमन प्रतिवेदनले औल्याएका गम्भीर प्रकृतिका विषयहरुमा आवश्यक सुधार गरेको व्यहोरा सम्बन्धित प्राविधिकबाट सुनिश्चित गरिएको हुनु पर्नेछ ।

## परिच्छेद ५
## विविध

**२०. अनुगमन गर्न सक्ने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका तथा अध्यक्षले गाउँपालिकाबाट सञ्चालित आयोजना तथा कार्यक्रमको आवश्यकता अनुसार स्थलगत अनुगमन गर्नसक्नेछ ।

(२) समितिले वडा स्तरीय अनुगमन समितिबाट दफा ८ बमोजिम अनुगमन गरिने योजना तथा कार्यक्रमको समेत आवश्यता अनुसार अनुगमन गर्न सक्नेछ ।

**२१. जिम्मेवारी तोक्नुपर्ने** : (१) कार्यालयले यस कार्यविधि बमोजिम गरिने अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी कार्यको समन्वय, सहजीकरण, कार्यान्वयन र अभिलेख व्यवस्थापन सम्बन्धी कार्यका लागि योजना शाखा/उप शाखालाई जिम्मेवारी तोक्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकामा अनुगमन सम्बन्धी कामका लागि बेग्लै शाखा वा इकाइ रहेको अवस्थामा उपदफा (१) बमोजिमको कार्य जिम्मेवारी सोही शाखा वा इकाइको हुनेछ ।

**२२. कार्यविधिको पालना गर्नुपर्ने** : (१) वडास्तरीय अनुगमन समितिबाट गरिने अनुगमनमा समेत यस कार्यविधिमा भएका व्यवस्थालाई पालना गर्नुपर्नेछ ।

(२) वडास्तरीय अनुगमन समितिले अनुगमन गरी तयार गरेको प्रतिवेदनको एक प्रति अनुगमन सम्पन्न भएको सात दिन भित्र अनुगमन तथा सुपरिवेक्षण समिति समक्ष पेश गर्नुपर्नेछ ।

**२३. चेकलिष्ट तयार गर्न सक्ने** : समितिले योजना तथा कार्यक्रमको स्थलगत अनुगमन गर्दा यस कार्यविधिमा भएको व्यवस्था अनुरुप विवरण संकलनका लागि छुट्टै चेकलिष्ट तयार गरी लागु गर्न सक्नेछ ।

**२४. संशोधन वा हेरफेर** : कार्यपालिकाले समितिसँगको परामर्शमा यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**२५. बाधा अड्काउ फुकाउने अधिकार** : यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसुची १

(कार्यविधिको दफा १३ को उपदफा (२) बमोजिम )

**गाउँपालिका स्तरिय सम्मुत्थानशिल स्थानीय पूर्वाधार विकास सम्बन्धी योजनाको कार्य प्रारम्भ हुनु पूर्व गरिने अनुगमनमा प्रयोग गरिने ढाँचा/चेकलिस्ट**

**गाउँपालिका द्वारा तयार पारिएको स्थानीय पूर्वाधार विकास आयोजना संचालन कार्यविधि / निर्देशिकामा रहेको प्रावधान अनुसार विभिन्न अनुगमनका क्रममा यस चेकलिस्टको प्रयोग गरिनेछ।**

***क. अनुगमनकर्ताको व्यक्तिगत विवरण :**

अनुगमन कार्यमा संलग्न व्यक्तिहरु

नाम:..................................................पद..................................................कार्यालय: .......

नाम:..................................................पद..................................................कार्यालय: .......

नाम:..................................................पद..................................................कार्यालय: .......

नाम:..................................................पद..................................................कार्यालय: .......

अनुगमनको मितिः ................................

आयोजनाको नामः ..............................................................आयोजनाको ठेगानाः .............................

आयोजना शुरू गर्ने मितिः .................................................सम्पन्न गर्ने मितिः ............................

**ख. योजनाको कार्यान्वयन सम्बन्धी :**

१. आयोजनाको छनोट कसरी गरिएको थियो ?

क) सहभागितामूलक योजना तर्जुमा प्रकृया ख) विकास साझेदारबाट ग) थाहा छैन घ) अन्य ....................

२. आयोजना छनोट गर्दा को को सहभागी भएका थिए ?

क) जनप्रतिनिधि ख) कर्मचारी ग) महिला/आमा समूह घ) दलित/जनजाति

ङ) अपाङ्गता भएका व्यक्तिहरू च) स्थानीय समाजसेवी/बुद्धिजिवी छ) अन्य .........................................

३. आयोजना छनोटको क्रममा कुनै मतभेद वा विवाद भएको थियो ?

क) थियो ख) थिएन

यदि भएको थियो भने उल्लेख गर्नुहोस्

........................................................................................................................................................

..........................................................................................

४. के यो आयोजना गाउँपालिकाको वार्षिक योजना पुस्तिकामा समावेश भएको छ?

क) छ ख) छैन ग) थाहा छैन

५. के यो आयोजना तपाँइहरूको आवश्यकतामा आधारित छ ?

क) छ ख) छैन ग) थाहा छैन

६. यो आयोजना कस्तो प्रकृतिको हो?

क) क्रमागत ख) वार्षिक ग) मर्मत संभार घ) अन्य

७. सङ्टासन्न समुदायहरूको पहिचान भएको थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

*पहिलो संशोधन द्वारा संशोधित

८. यो आयोजनाबाट प्रत्यक्षरुपमा कुन कुन सङ्कटासन्न समुदाय तथा जातजाति लाभान्वित हुन्छन् ?

.............................................................................................................................

..........................................................................................................

९. यस आयोजना संचालनको क्रममा प्रभावित वा हानी हुनसक्ने व्यक्ति, समुदाय तथा क्षेत्रहरू के के हुन?

.............................................................................................................................

..........................................................................................................

१०. आयोजनाको लागी कामदारहरुको छनोट भयो ?

क) भयो ख) भएन ग) थाहा छैन

.............................................................................................................................

..........................................................................................................

११. उपभोक्ता समिति गठन भयो ?

क) भयो ख) भएन ग) थाहा छैन

१२. उपभोक्ता समिति गठन सहभागितामूलक ढंगबाट भएको थियो ?

क) थियो ख) थिएन ग) थाहा छैन

यदि थियो भने को को सहभागी भएका थिए, उल्लेख गर्नुहोस्

.............................................................................................................................

..........................................................................................................

१३. उपभोक्ता समितिमा संलग्न व्यक्तिहरूको विवरण:

क) लिङ्ग: (महिला: पुरूष: अन्य: )

ख) जातजाती: (ब्राम्हण/ क्षेत्री: दलित: जनजाति: मधेशी: अन्य: )

ग) उमेरगत: (१८ वर्षमुनि: १८ देखि ५९ वर्षसम्म: ६० वर्ष माथि: )

घ) अन्य: (अपाङ्गता भएका व्यक्ति: गभर्वती तथा सुत्केरी: एकल महिला:

१४. उपभोक्ता समितिको निर्णायक भूमिकामा महिलाको सहभागिता छ?

क) छ ख) छैन ग) थाहा छैन

यदि छ भने त्यस्ता महिलाको संख्या कति छ? ........................................................

१५. आयोजना संचालनका क्रममा अपनाउन खोजिएका सुरक्षाका उपायहरू

क) कामदारको दुर्घटना बिमा ख) संरचनाको बीमा ग) अन्य: ..........................

१६. आयोजनाको संभाव्यता अध्ययन गरिएको थियो ?

क) थियो ख) थिएन ग) थाहा छैन

यदि थियो भने पूर्व संभाव्यता अध्ययन र सर्वेक्षण गर्दा लाभग्राहीसँग छलफल गरिएको थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

१७. सर्वेक्षणमा छलफल भए अनुसारका कुराहरूलाई लागत अनुमान र नक्सामा समावेश भएको थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

१८. आयोजनाको सर्वेक्षण गरिएको थियो ?

क) थियो ख) थिएन ग) थाहा छैन

१९. आयोजना विस्तृत लागत अनुमान तथा डिजाइन गरेको छ ?

क) छ ख) छैन ग) थाहा छैन

२०. आयोजनाको लागत अनुमान तथा डिजाइन निर्माण स्थलमा उपलब्ध छ ?

क) छ ख) छैन ग) थाहा छैन

२१. विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरिएको छ ?

क) छ ख) छैन ग) थाहा छैन

२२. आयोजनाको संचालन पुर्व वातावरणीय तथा सामाजिक जोखिमको असर पहिचान गरिएको थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

यदि थियो भने के के पहिचान गरिएको थियो?

..................................................................................................................................................

..................................................................................................................................................

२३. आयोजना संचालनको क्रममा त्यस्ता जोखिमको न्यूनीकरण गर्न के कस्ता उपायहरू अपनाइएका थिए?

..................................................................................................................................................

..................................................................................................................................................

२४. यस आयोजनाको कुल रकमको बारेमा जानकारी छ ?

क) छ ख) छैन ग) थाहा छैन

यदि छ भने कति हो ? रू..................................

२५. यस आयोजनामा कुनै विकास साझेदारसँग लागत साझेदारी गरिएको छ?

क) छ ख) छैन ग) थाहा छैन

यदि छ भने कोसँग गरिएको हो ?

..................................................................................................................................................

..................................................................................................................................................

कति रकम बरावरको साझेदारी गरिएको हो? रू..................................

२६. आयोजना स्थलमा सूचनापाटी सबैले देखिने गरी राखिएको छ ?

क) छ ख) छैन ग) थाहा छैन

२७. आयोजनाको विस्तृत विवरण अभिलेख गर्न आयोजना पुस्तिकाको व्यवस्था गरिएको छ?

क) छ ख) छैन ग) थाहा छैन

२८. आयोजना संचालनको लागि पेश्की उपलब्ध भएको थियो ?

क) थियो ख) थिएन ग) थाहा छैन

यदि थियो भने कहिले र कति रकम उपलब्ध भएको थियो ?

कहिले......................................................कति रकम..................................................

२९. आयोजनामा प्रयोग गरिने बाह्य निर्माण सामग्रीको खरिद को मार्फत हुन्छ ?

..................................................................................................................................................

३०. आयोजनामा प्रयोग गरिने बाह्य सामग्रीको खरिद कसरी गरेको थियो?

क) टेन्डर ख) दरभाउपत्र आव्हान ग) सिधै फर्म वा पसलबाट घ) अन्य:........................

३१. लागत अनुमानमा उल्लेख भए अनुसार निर्माणको सामग्रीहरू उपलब्ध भएको थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

यदि उपलब्ध थिएन भने किन?

..................................................................................................................................................

..................................................................................................................................................

३२. लागत अनुमानमा उल्लेख भए अनुसार आवश्यक पर्ने निर्माण सामग्रीको आपूर्तिको श्रोत तथा गुणस्तर के कस्तो छ? साथै भइरहेको कामको गुणरुतर कस्तो रहेको छ ?

.......................................................................................................................................................................

३३. योजना संचालनको क्रममा भएका गुनासो, सल्लाह सुझावहरुलाई सम्बोधन गर्न के योजना छ?

.......................................................................................................................................................................

३४. यो आयोजना पानीको बहुउपयोगी प्रणालीसँग सम्वन्धित छ?

क) छ ख) छैन ग) थाहा छैन

यदि छ भने के के मा प्रयोग भएको छ ?

.......................................................................................................................................................................

३५. के यो आयोजना जलवायुमैत्री प्रविधिहरुको प्रयोग तथा जलवायु परिवर्तनका असरहरु अनुकूलन/न्यूनीकरण सँग सम्वन्धित छ?

क) छ ख) छैन ग) थाहा छैन

३६. यो आयोजनाले पारिस्थितिक प्रणालीमा जलवायु परिवर्तनका असरहरुसँग अनुकूलित हुनका लागि स्थानीय समुदायको क्षमता विकास गर्छ?

क) गर्छ ख) गर्दैन ग) थाहा छैन

३७. के यो आयोजनाले महिला, विपन्न, अपांगता भएका व्यक्ति तथा सामाजिक बहिस्करणमा परेका जाति समुदायको समतामूलक सहभागितालाई प्रवर्द्धन गरेको छ?

क) छ ख) छैन ग) थाहा छैन

३८. यो आयोजनामा विभिन्न सहयोगी निकायहरुको आर्थिक तथा प्राविधिक सहकार्य भएको छ?

क) छ ख) छैन ग) थाहा छैन

३९. योजना संचालन पूर्वको तस्वीर लिनुहोला। (तस्विर लिदा कुनै वस्तुलाई reference लिएर खिच्नुहोला र GPS coordinates राख्नुहोला )

**अनुसूची २**

(कार्यविधिको दफा १३ को उपदफा (३) बमोजिम )

**गाउँ पालिकास्तरीय सम्मुत्थानशिल स्थानीय पूर्वाधार विकास सम्बन्धी योजनाको निर्माणाधीन अवस्थामा गरिने अनुगमनमा प्रयोग गरिने ढाँचा/चेकलिस्ट**

***क. अनुगमनकर्ताको व्यक्तिगत विवरण :**

अनुगमन कार्यमा संलग्न व्यक्तिहरु

नाम:..................................................पद..................................................कार्यालय: .......

नाम:..................................................पद..................................................कार्यालय: .......

नाम:..................................................पद..................................................कार्यालय: .......

नाम:..................................................पद..................................................कार्यालय: .......

अनुगमनको मिति: ................................

आयोजनाको नाम: ..................................................आयोजनाको ठेगाना: ............................

आयोजना शुरू गर्ने मिति: ..................................................सम्पन्न गर्ने मिति: ............................

**ख. योजना सम्बन्धी सामाजिक पक्ष**

१. आयोजनाको छनोट कसरी गरिएको थियो ?

क) सहभागितामूलक योजना तर्जुमा प्रकृया ख) विकास साझेदारबाट ग) थाहा छैन घ) अन्य ......................

२. आयोजना छनोट गर्दा को को सहभागी भएका थिए ?

*पहिलो संशोधन द्वारा संशोधित

क) जनप्रतिनिधि ख) कर्मचारी ग) महिला/आमा समुह घ) दलित/जनजाती
ङ) अपाङ्गता भएका व्यक्तिहरू च) स्थानीय समाजसेवी/बुद्धिजिवी छ) अन्य ..........................................

३. आयोजना छनोटको क्रममा कुनै मतभेद वा विवाद भएको थियो ?

क) थियो ख) थिएन

यदि भएको थियो भने उल्लेख गर्नुहोस्

..............................................................................................................................................

..........................................................................................

४. आयोजनाको कार्यान्वयन के कस्तो गतिमा भइरहेको छ?

क) समयसीमा अनुसार ख) समयसीमा भन्दा पछाडि ग) थाहा छैन

५. के यो आयोजना गाउँपालिकाको वार्षिक योजना पुस्तिकामा समावेश भएको छ?

क) छ ख) छैन ग) थाहा छैन

६. के यो आयोजना तपाँइहरूको आवश्यकतामा आधारित छ ?

क) छ ख) छैन ग) थाहा छैन

७. यो आयोजना कस्तो प्रकृतिको हो?

क) क्रमागत ख) वार्षिक ग) मर्मत संभार घ) अन्य

८. सङ्टासन्न समुदायहरूको पहिचान भएको थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

९. यो आयोजनाबाट प्रत्यक्षरुपमा कुनकुन सङ्टासन्न समुदाय तथा जातजाति लाभान्वित हुन्छन् ?

..............................................................................................................................................

..........................................................................................................................

१०. यस आयोजना संचालनको क्रममा प्रभावित वा हानी हुनसक्ने व्यक्ति, समुदाय तथा क्षेत्रहरू के के हुन्?

..............................................................................................................................................

..........................................................................................................................

११. आयोजनाको कामदारहरु छनोट कसरी गरियो ?

..............................................................................................................................................

..........................................................................................................................

१२. आयोजनामा संलग्न कामदारको विवरण:

क) लिङ्ग: (महिला: पुरूष: अन्य: )

ख) जातजाती: (ब्राम्हण/ क्षेत्री: दलित: जनजाति: मधेशी: अन्य: )

ग) उमेरगत: (१८ वर्षमुनि: १८ देखि ५९ वर्षसम्म: ६० वर्ष माथि: )

घ) अन्य: (अपाङ्गता भएका व्यक्ति: गभर्वती तथा सुत्केरी: एकल महिला:

१३. उपभोक्ता समिति गठन सहभागितामूलक ढंगबाट भएको थियो ?

क) थियो ख) थिएन ग) थाहा छैन

यदि थियो भने को को सहभागि भएका थिए, उल्लेख गर्नुहोस्

..............................................................................................................................................

..........................................................................................................................

१४. उपभोक्ता समितिमा संलग्न व्यक्तिहरूको विवरण:

क) लिङ्ग: (महिला: पुरूष: अन्य: )

ख) जातजाती: (ब्राम्हण/ क्षेत्री: दलित: जनजाति: मधेशी: अन्य: )

ग) उमेरगत: (१८ वर्षमुनि: १८ देखि ५९ वर्षसम्म: ६० वर्ष माथि: )

घ) अन्य: (अपाङ्गता भएका व्यक्ति: गभर्वती तथा सुत्केरी: एकल महिला:

१५. उपभोक्ता समितिको निर्णायक भुमिकामा महिलाको सहभागिता छ?

क) छ ख) छैन ग) थाहा छैन

यदि छ भने त्यस्ता महिलाको संख्या कति छ? ......................................................

१६. आयोजना संचालनमा अपनाइएका सुरक्षाका उपायहरू

क) कामदारको दुर्घटना बिमा ख) संरचनाको बीमा ग) अन्य: .........................

१७. आयोजना संचालन गर्दा व्यक्तिगत सुरक्षा सामग्री उपलब्ध गराइएको थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

यदि उपलब्ध गराइएको थियो भने के के थियो ?

क) हेल्मेट ख) जुत्ता ग) चस्मा घ) पन्जा ङ) मास्क च) टल्किने पातलो ज्याकेट

छ) सेफ्टी वेल्ट ज) प्राथमिक उपचार बाकस झ) अन्य: .........................................

१८. आयोजना स्थलमा शिशु स्याहारको व्यवस्था छ/ थियो?

क) थियो ख) थिएन ग) आवश्यता थिएन घ) थाहा छैन

१९. आयोजना स्थलमा स्वच्छ पिउने पानीको व्यवस्था थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

२०. आयोजना स्थलमा महिला पुरूषको लागि छुट्टै शौचालयको व्यवस्था थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

२१. आयोजना स्थलमा काम गर्ने क्रममा लैङ्गिक हिंसालाई प्रोत्साहन हुने किसिमका गतिविधिहरू भएको थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

यदि थियो भने के कस्तो गतिविधि भएको थियो?

.......................................................................................................................................

.......................................................................................................

२२. लैङ्गिक हिंसाजन्य क्रियाकलाप हुँदा कसलाई गुनासो गर्ने भन्ने बारेमा थाहा छ?

क) छ ख) छैन ग) थाहा छैन

**ग. प्राविधिक पक्ष:**

२३. आयोजनाको संभाव्यता अध्ययन गरिएको थियो ?

क) थियो ख) थिएन ग) थाहा छैन

यदि थियो भने पूर्व संभाव्यता अध्ययन र सर्वेक्षण गर्दा लाभग्राहीसँग छलफल गरिएको थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

२४. सर्वेक्षणमा छलफल भए अनुसारका कुराहरूलाई लागत अनुमान र नक्सामा समावेश भएको थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

२५. आयोजनाको सर्वेक्षण गरिएको थियो ?

क) थियो ख) थिएन ग) थाहा छैन

२६. आयोजना विस्तृत लागत अनुमान तथा डिजाइन गरेको छ ?

क) छ ख) छैन ग) थाहा छैन

२७. आयोजनाको लागत अनुमान तथा डिजाइन निर्माण स्थलमा उपलब्ध छ ?

क) छ ख) छैन ग) थाहा छैन

२८. विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरिएको छ ?

क) छ ख) छैन ग) थाहा छैन

२९. आयोजनाको संचालन पूर्व वातावरणीय तथा सामाजिक जोखिमको असर पहिचान गरिएको थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

यदि थियो भने के के पहिचान गरिएको थियो?

..............................................................................................................................................

........................................................................................................

३०. आयोजना संचालनको क्रममा त्यस्ता जोखिमको न्यूनीकरण गर्न के कस्ता उपायहरू अपनाइएका थिए?

..............................................................................................................................................

........................................................................................................

३१. यस आयोजनाको कुल रकमको बारेमा जानकारी छ?

क) छ ख) छैन ग) थाहा छैन

यदि छ भने कति हो ? रू..................................

३२. यस आयोजनामा कुनै विकास साझेदारसँग लागत साझेदारी गरिएको छ?

क) छ ख) छैन ग) थाहा छैन

यदि छ भने कोसँग गरिएको हो ?

..............................................................................................................................................

........................................................................................................

कति रकम बरावरको साझेदारी गरिएको हो? रू..................................

३३. आयोजनाको रकमको व्यवस्थापन कसरी गर्नु भएको छ ?

क) बैङ्क खाता ख) नगद ग) अन्य: ..........................

३४. आयोजनाको बैङ्क खाता संचालनमा हस्ताक्षर कसले गर्नु हुन्छ ?

क) अध्यक्ष ख) उपाध्यक्ष ग) सचिव घ) कोषाध्यक्ष ग) अन्य:.................

३५. आयोजनाको विस्तृत अभिमुखिकरण गरिएको छ ?

क) छ ख) छैन ग) थाहा छैन

३६. आयोजनाको निर्माण पुर्वको तालिम संचालन गरिएको छ ?

क) छ ख) छैन ग) थाहा छैन

**<u>घ. आयोजनाको निर्माण व्यवस्थापन तथा सार्वजनिक जवाफदेहिता:</u>**

३७. आयोजना स्थलमा सूचनापाटी सबैले देखिने गरेर राखिएको छ ?

क) छ ख) छैन ग) थाहा छैन

३८. आयोजनाको विस्तृत विवरण अभिलेख गर्न आयोजना पुस्तिकाको व्यवस्था गरिएको छ?

क) छ ख) छैन ग) थाहा छैन

यदि छ भने आयोजना पुस्तिका विस्तृत रूपमा भरेको छ?

क) छ ख) छैन ग) थाहा छैन

३९. कामदारको हाजिर चुस्त दुरूस्त राखिएको छ ?

क) छ ख) छैन ग) थाहा छैन

४०. समूह विभाजन गरेर निर्माण कार्य संचालन भएको छ ?

